## 'जनप्रतिनिधि'हरू नै वेश्यालयमा जान सिफारिस गर्छन्

– शंकर खरेल

कसैको लहैलहैमा लागेर उनीहरू ठूलै महत्वाकांक्षा बोकेर पुनः भारत जान तम्सिए । उनीहरूलाई थाहा थियो कि 'हामी कहाँ जाँदैछौं ।' फन्दामा त उनीहरू परिसकेका थिए– केटी बेच्ने दलाल र उनीहरूको शारीरिक शोषण गरेर आम्दानी लिन पल्केका बाईहरूको । आखिर यात्रा दोस्रो थियो । एकपटक आएपछि कसरी जाने सीमान्त नाकाबाट ? कति बाठा दलालहरू थिए उनीहरू जसले सीमा नाकामा प्रहरी र स्वयंसेवकहरूले पनि चालै नपाओस् भनेर गाविसको सिफारिस प्राप्त गरेका थिए । सीमा, रमना, मीना (नाम परिवर्तन) लाई थाहै थिएन । रौतहट पौराही गाविसका अध्यक्ष पदमबहादुर घलेले आफूहरूलाई वेश्यालयमा पुऱ्याउनको लागि विदेशमा काम गर्न जान लागेको भनी सिफारिस गरिदिए । बौराही गाविसको चलानी नं. २ सय ४ रहेको गाविसको सिफारिसपत्रमा तीनैजना विवाहित रहेको उल्लेख छ जब कि उनीहरूको लगनगाँठो बाँधिएकै थिएन । उनीहरूलाई झुठो विवरण देखाएर वेश्यालयमा पुऱ्याउने प्रपञ्च त्यतिबेला नाङ्गेझार भयो जब उनीहरूलाई वीरगन्जको नाकामा प्रहरी र चेलीबेटी बेचबिखनविरुद्ध सीमा नाकामा तैनाथ स्वयंसेवकले केरकार गरे । रहस्य एकपलमै सार्वजनिक भयो । ती तीन युवती केही साताको घुमफिरका लागि घर रौतहट आएका थिए । सीमा नाकामा कुनै युवती एक्लैदुक्लै हिंडेमा कडाइ हुन्छ भन्ने सुनेर उनीहरूले गाविसको सिफारिसलाई पक्का ठानेका थिए । गाविस अध्यक्ष घलेले जानेर हो या नजानेर आँखा चिम्लिएर मुम्बईको बिल्डिङ नं. १२ मा काम गर्न गएको सिफारिस गरिदिए– सीमा भन्छिन्- तर प्रहरी स्वयंसेवकको सक्रियतामा हाम्रो योजना सफल भएन । जाने मन त थिएन तर के गर्नु ? पेट पाल्न पनि जानु परेको थियो । आखिर फेरि तुरुन्तै आउने शर्तमा हामी जान लागेका थियौं ।

उनीहरू जब पक्राउ परे तब मुम्बईको वेश्यालय जाने सपना त्यागे । रुन थाले, आफ्नो पीडा भन्न थाले वेश्लयामा जानु पर्नाको कारण र दलालहरूको बारे । माइती नेपालको संरक्षणमा हाल उनीहरूलाई राखिएको छ जहाँ उनीहरूले कालो कोठरीको जीवनलाई बिर्सिएर सुन्दर संसारमा बाँच्ने कल्पनामा डुबेर सीपमूलक काम गरिरहेका छन् । सीमाकुमारीहरूको यो उदाहरण पहिलो भने होइन । यसअघि र पछि धेरै उदाहरणहरू भेटिएका छन् । गाविसद्वारा त्यससम्बन्धी सिफारिस गरिएका दर्जनौं सिफारिसपत्रको ठेली देखाउँदै माइती नेपालकी अध्यक्ष अनुराधा कोइराला भन्नुहुन्छ– दर्जनौं पत्रहरू छन्, गनेर साध्य छैनन् । प्रहरीसँग कति होलान् र सिफारिसका आधारमा कति गए होलान् ।

वेश्यावृत्तिका लागि भारत जाने महिला तथा झुक्याएर पहिलोपटक लगिएका चेलीहरूलाई हाल गाविसको सिफारिसको माध्यम प्रयोग गर्न थालिएको छ । तर केही संख्यामा यसरी गए पनि अहिले यो प्रक्रिया पूर्ण नियन्त्रणमा आएको छ । तर सिफारिसको प्रक्रिया रोकिएको छैन । सप्तरीका वरिष्ठ प्रहरी उपरीक्षक कल्याण तिम्सिना भन्नुहुन्छ– म मोरङमा बस्दा यस्ता सिफारिसका आधारमा करिब एक सय चेलीलाई जिप्रकाको माध्यमबाट खोटाङ, संखुवासभा, भोजपुर फर्काएको छु । त्यसो त उनीहरू फर्किएपछि के साँच्चै जिल्लामा नै छन् वा पुनः अन्य नाका प्रयोग गर्दै वेश्यालयतिर लागे, केही थाहा छैन । हैन हामीले त एकपटक जानु हुँदैन, घर फर्क भनेर भाडा दिएर फर्कायौं । त्यसपछि पनि हैन जान्छौं भन्ने हो भने त त्यसको दोष प्रहरीको होला र ? तिम्सिनाले मार्मिक ढंगले आफ्नो तर्क प्रस्तुत गर्नुभयो ।

खोटाङकी रमिता राई तिम्सिनाको प्रयासले फर्काएकी चेली हुन् । उनलाई दलालहरूले गाविसको सिफारिसमा उपचार गराउने बहानामा सीमा कटाउन लागेका थिए । कति खुसी भएकी थिइन् आफू बेचिनबाट बचेकोमा रमिता राई । अपाङ्ग लिएर जाने, बच्चाहरूलाई बोकेर आँखा छल्नेजस्ता उपाय निकालेर पनि कसैकसैले सीमा पार गरेको जानकारी दिंदै माइती नेपालकी कोइराला भन्नुहुन्छ– तर प्रशासनको नियम छ- गाविसले सिफारिस गरेमा नरोक्ने । यदी सीमा प्रहरीले सहयोग नगर्ने हो भने धेरै चेली सीमा काटिसकेका हुन्थे । गाविसले यस्ता सिफारिस दिनै बन्द गर्नुपर्छ– उहाँले भन्नुभयो ।

नेपालका २१ जिल्लाको छिमेकी मुलुक भारतसँग सीमा जोडिएको छ र १ हजार ५ सय किलोमिटर खुल्ला सिमाना छ । सवारी साधन आवतजावत गर्नेबाहेकका खुल्ला सिमानामा कुनै कडाइ छैन । चेलीबेटी बेचबिखन गर्ने दलालहरूले हाल उक्त रूट प्रयोग गरिरहेको प्रहरी सूत्र बताउँछन् । सीमा क्षेत्रमा पर्ने मोरङमा कार्यरत रहिसकेका प्रहरी निरीक्षण प्रद्युम्न कार्की गाविसको सिफरिस प्रहरीको आँखा छल्ने बाटो भएको बताउँदै भन्नुहुन्छ– प्रहरीले यस्ता सिफारिसलाई स्वीकार गर्दैन र गर्नु पनि हुन्न, होइन भने धेरै चेलीले जानी/नजानी वेश्यालयमा नारकीय जीवन बिताउनुपर्छ ।

प्रहरी निरीक्षक कार्कीका अनुसार कतिपय गाविसका पदाधिकारीहरूले 'कामका लागि भारतमा गएका होलान् नि भन्छन् । सिफारिस नगर्दा परिवारको बिचल्ली हुन्छ' भनेर गर्ने गरेको बताइन्छन् । 'तर उनीहरूले पूरै जानकारी नलिई सिफारिस गर्नुहुन्न' उहाँको सुझाव छ ।

तर प्रहरीले गाविसले सिफारिस गरेका जिल्लामा सर्कुलर गर्दासमेत सिफारिसको प्रक्रिया रोकिएको छैन । वरिष्ठ प्रहरी उपरीक्षक तिम्सिना भन्नुहुन्छ– यदि गाविसका पदाधिकारीहरूले थाहा पाएरै सिफारिस गरेका छन् भने कानुनी कारबाही गर्नुपर्छ, हैन भने सामाजिक संघ/संस्था र सरकारी निकायको प्रयासमा जनचेतना फैलाउनुपर्छ । प्रहरी र चेलीबेटी बेचबिखनविरुद्ध कार्यरत संस्थाहरूका अनुसार यसबारे प्रहरीमा कमै मात्रामा उजुरी पर्ने गरेका छन् । खासगरी वीरगन्ज, विराटनगर, रौटहट, भैरहवा, काँकडभित्ता, सप्तरी, सिरहा, नवलपरासीबाट बढी मात्रामा त्यस्ता सिफारिस आउने गरेका छन् । गाविस महासंघका एक पदाधिकारी भन्नुहुन्छ– महासंघले अधिराज्यमा रहेका चार हजारभन्दा बढी गाविसलाई चेलीहरूको लागि वैदेशिक रोजगारीको नाममा बेच्न सिफारिस नगर्न सूचित गर्ने तयारी गर्दैछ । जनप्रतिनिधिको सिफारिसको आधारमा तेस्रो मुलुक जाने भनेर वर्षेनी असंख्य चेलीबेटी भारतको विभिन्न वेश्यालयमा पुऱ्याइने गरेको प्रहरी वरिष्ठ उपरीक्षक तिम्सिना बताउनुहुन्छ । चेलीबेटीहरूलाई रोजगारीका लागि सिफारिस गरिएका भनिएका गाउँहरू प्रायः पूर्वाञ्चलका भएका र ती गाउँहरू अशिक्षा र गरिबीले पिल्सिएको पाइएको छ । यी गाउँहरूमा सरकारी र गैरसरकारी निकायले प्रत्यक्ष संवादद्वारा जनचेतना फैलाउनुपर्छ- चेलीबेटी बेचबिखनविरुद्ध धेरैपटक चेतना फैलाउन संलग्न प्रहरी निरीक्षक कार्कीले भन्नुभयो ।

**बच्चा जन्मने प्राकृतिक नियमलाई पनि कानुनले बन्देज लगाउन मिल्छ र ?**
– लोचना शर्मा

महिलाहरूले गर्भधारण गर्ने वा गर्भवती हुनेजस्तो प्राकृतिक नियमलाई पनि वर्तमान पुरुषप्रधान समाजले कृत्रिम कानुनमा बाँध्ने दुष्प्रयास गरिरहेको छ । गर्भधारण गर्ने वा बच्चा जन्माउने काम पनि निश्चित दिनभित्र हुनुपर्छ भनी महिलाको हितविपरीत कानुनले दुर्व्यवस्थित गरेको छ भन्ने कुरा थाहा पाउँदा धेरैलाई आश्चर्य लाग्न पनि सक्छ ।

झापा गरामनीकी नीता सुब्बाले आफ्नो श्रीमान् हङकङ हिंडेको झण्डै एक वर्ष अथवा ४३ हप्तामा एक छोरीलाई जन्म दिइन् । तर समाज र कानुनले ढिलो बच्चा जन्माएकोमा नीतालाई यस अवस्थामै पनि मायाँ गरेन । उनको पतिव्रता धर्ममाथि ठूलो प्रश्न उठायो । उनलाई त्यतिबेला प्रसूति पीडाभन्दा त्यो प्रश्न बढी दुख्यो ।

सप्तरी पातो-३ निवासी इन्द्रनारायण यादवकी श्रीमती झुमा यादवले श्रीमान्को मृत्यु भएको १० महिनापछि एक छोरालाई जन्म दिएपछि अरूसँगै यौनसम्पर्क राखेको आरोपमा माइतीघर गई बस्न बाध्य भएको समाचार पनि गत वर्ष प्रकाशमा आएको थियो ।

हाम्रो समाजमा गर्भधारणपछि बच्चा प्राप्त हुने भनी मानिएको निश्चित समयभन्दा ढिलो सन्तान हुँदा महिलाले भोग्नुपरेका समस्याहरू हुन्यी । तर, महिलाहरू त्यो निश्चित मानिएको समयभन्दा चाँडै बच्चा जन्मदा पनि अव्यावहारिक कानुन र समाजको अन्धविश्वासबाट उत्तिकै पीडित भएका छन् ।

झापाकै गोलधाप-९ का हर्क लिम्बुले विवाह गरेको सात महिना १३ दिनमै एक सन्तानलाई जन्म दिएपछि सँगै मर्ने-बाँच्ने कसम खाएकी आफ्नी श्रीमती रूपासँग तुरुन्तै सम्बन्धविच्छेद गर्नुपरेको थियो । यद्यपि, उक्त घटना शिक्षित समुदयामा पनि हर्क लिम्बुकै पक्षमा रह्यो ।

ती तीनवटै घटनाका पीडित निता सुब्बा, झुमा यादव र रूपा लिम्बु पतिव्रताको सफाइ दिन जस्तोसुकै परीक्षा दिन पनि तयार छन् । तर, उनीहरूलाई आफैंलाई थाहा छैन त्यस्तो कसरी भयो ।

समाजको गलत मान्यता र कानुनको प्राकृतिक नियमविपरीत व्यवस्थाहरूका कारण त्यस्तो पीडा भोगेका महिलाहरूको कथा हाम्रो समाजमा र अदालतका कारबाही र मुल्तवीमा रहेका फाइलहरूमा धेरै भेटिन्छन् । जो अहिले आफूले जन्म दिएका सन्तानकै मायाले मात्र पनि आफूलाई जसोतसो बचाइराखेका छन् ।

सामान्यतया गर्भधारणा भएको ९ महिना पूरा अवधिमा बच्चा जन्मने विश्वास हाम्रो समाजमा रहेको कारण त्यो अवधिभन्दा अघि वा पछि बच्चा जन्मेको अवस्थामा गर्भवती महिलाहरूप्रति विभिन्न लाञ्छनाहरू लाग्ने गरेको छ । त्यस्तो लाञ्छना लगाउन शिक्षित व्यक्तिहरू पनि पछि पर्दैन ।

कुनै-कुनै समाजमा सात महिनामा जन्मने सन्तान अत्यन्तै कम बाँच्ने र बाँचेमा त्यस्तो बच्चा एकदमै भाग्यमानी हुन्छ भन्ने अन्धविश्वास पनि रहिआएको छ । नेपालको कानुनी व्यवस्थाले पनि ठ्याक्कै सो सामाजिक अन्धविश्वासलाई संरक्षण गर्ने काम गरेको छ । तत्कालीन समयका समाज सुधारको क्रान्तिकारी कदम मानिएको नयाँ मुलुकी ऐन, २०२० मा कुनै पनि महिलाको श्रीमान्सँगसँगै रहेर छुट्टिएको २ सय ७२ दिन अथवा ३८ हप्ता ६ दिनभित्र जन्मेको सन्तान मात्र पहिलाको वा वास्तविक श्रीमान्को हुन्छ भन्ने मानिएको छ ।

मुलुकी ऐन, २०२० को लोग्ने-स्वास्नीको महल १२ को ३ नं. मा भनिएको छ- ऐनबमोजिम लोग्ने-स्वास्नीको सम्बन्धविच्छेद भएको मितिले २ सय ७२ दिनभित्र जन्मेको बच्चा अन्यथा प्रमाणित नभएमा सो सम्बन्धविच्छेद भएकै लोग्नेको ठहर्छ ।

सम्बन्धविच्छेद भएको मितिले २ सय ७२ दिन भन्ने व्यवस्थाले २ सय ७३ औं दिन वा त्यसपछि जन्मने बच्चा पूर्वलोग्नेको वा सम्बन्धविच्छेद भएको लोग्नेको मानिँदैन । मेची अञ्चलकै प्रथम अधिवक्ता मुनाकिरण डाँगी (कोइराला) भन्नुहुन्छ– अन्यथा प्रमाणित नभएमा भन्ने शब्दांशले पनि लोग्नेको हितलाई मात्र समेटेको छ ।

उहाँका अनुसार बच्चा २ सय ७२ दिनभित्रै जन्मिए पनि सो दिनअघि नै वा २ सय ७२ दिनअघि नै श्रीमान् नपुंसक आदि भएमा वा सन्तान उत्पादन क्षमता गुमाएमा सो बच्चा निज श्रीमान्को नभई अन्य अमूक व्यक्तिको हुनेछ ठर्हछ । सोही कानुनी व्यवस्थालाई अझ कडा गर्न प्रमाण ऐनमा त्यस्तो मुद्दाहरूमा २ सय ७२ दिनभित्र जन्मेको सन्तान मात्र श्रीमान्को हुने स्वतः अनुमान गर्ने व्यवस्था गरेको छ ।

प्रमाण ऐन, २०३१ को दफा (६) को खण्ड 'घ' मा अदालतले अनुमान गर्ने कुराहरू शीर्षकमा उल्लिखित छ, पति-पत्नीकै वैवाहिक सम्बन्धविच्छेद भएको वा पतिको मृत्यु भएको मितिले २ सय ७२ दिनभित्र जन्मेको सन्तान सो पतिको सन्तान हो भनी अदालतले अनुमान गर्नेछ ।

तर चिकित्सकहरू भने सन्तानोत्पादनसम्बन्धी विद्यमान सामाजिक र कानुनी दुवै धारणा ठीक नभएको बताउँछन् भने मानवाधिकारवादी सो कानुनी मान्यताहरू संशोधन हुनुपर्ने राय व्यक्त गर्दछन् ।

बच्चा गर्भधारणा भएको २ सय ७२ दिन अथवा ३८ हप्ता ६ दिनभन्दा पछि जन्मदैन र त्यस्तो भएमा त्यो वास्तविक श्रीमान्को सन्तान होइन भन्ने सोचाइ पूर्णतः गलत भएको दाबी गर्नुहुन्छ– स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. अरुणा उप्रेती ।

उहाँका अनुसार गर्भधारणा भएको २ सय १० दिन वा सात महिनादेखि लिएर ४० हप्ताभन्दा बढी वा २ सय ९० दिनभित्र बच्चा सकुशल जन्मन सक्छ । अर्का प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा. शंकरप्रसाद हुजदार चिकित्सापरक दृष्टिकोणले २ सय ७२ दिनभित्र जन्मेको बच्चा मात्र वैद्य मानिनुले कानुनले महिलाउपर अन्याय गरेको धारणा राख्नुहुन्छ । आमाको शरीर सानो भएमा, रक्तअल्पना भएमा लगायतका कारणले छिटो बच्चा जन्मनेबाहेक सामान्य अवस्थामा पनि २ सय ७२ दिनभन्दा पछि पनि बच्चा जन्मन सक्ने उहाँ बताउनुहुन्छ ।

एक वर्ष वा सोभन्दा ढिलो बच्चा जन्मिएको भन्ने सम्बन्धमा डा. हुजदार भन्नुहुन्छ– हिसाब राख्न नजान्ने वा बिर्सने महिलाहरूले गर्भधारणाको समय थाहा नभएर वा गर्भधारणा नै भए/नभएको नबुझेर पनि त्यस्तो हुन सक्छ । तर गत वर्ष माघ १ गते इटालीकी मारिया गार्जिया भन्ने महिलाले ३१ महिना वा झण्डै ३ वर्षपछि एकैपटक ४ छोरा र २ छोरीसहित ६ वटा बच्चालाई जन्म दिएको विषयमा भने डा. उप्रेती र हुजरदारसमेत त्यो अपवाद भएको बताउनुहुन्छ ।

"तर चिकित्सापरक दृष्टिकोणले त्यो अपवाद भए पनि २ सय ७२ दिनभित्र बच्चा जन्मन्छ भन्ने नेपाली कानुनी व्यवस्थाका लागि गतिलो जवाफस्वरूप त्यो एउटा राम्रो उदाहरण हो ।" कानुनमा प्रथम पीएचडी महिला डा. शान्ता थपलिया भन्नुहुन्छ ।

इटालीको सरकारले तत्काल उक्त घटनासमेत इटालीको लागि चौथोपटक भएको जनाएको थियो । साथै ती बच्चा र आमाको फोटो खिच्न पत्रकारहरूलाई लाखौं डलर लिएर दिइएको मात्र थियो ।

स्वास्थ्य र गर्भधारणजस्तो प्राकृतिक प्रक्रियाका विषयमा समेत अवैज्ञानिक र भेदभावपूर्ण कानुन हुनु दुःखद् कुरा हो र यस्ता कानुनी व्यवस्था अविलम्ब संशोधन हुनुपर्ने धारणा राख्नुहुन्छ– डा. शान्ता थपलिया । तर पनि उहाँका अनुसार सोही कानुनी र सामाजिक दृष्टिकोणबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पीडित बनिरहेका महिलाहरू त्यस्ता समस्याहरू लिएर अदालतसमक्ष आउने गरेका छैनन् ।

कति दिनभित्र बच्चा नजन्मिए आफ्ना लोग्नेको बच्चा ठहर्दैन भन्ने व्यवस्था राखी प्राकृतिक न्यायलाई चुनौती दिने काम हाम्रो कानुनले गरेको छ । कानुनले त्यस्तो व्यवस्था गर्दैमा ठ्याक्कै त्यति नै दिनमा बच्चा जन्मन्छ भन्ने पनि छैन । त्यस्ता धेरै उदाहरणहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूले देखाइसकेका छन् । अर्कोतर्फ प्राकृतिक नियमले एउटा परिणाम सिर्जना गराइदियो भने कानुनले ती महिलालाई अर्कोतिर अनैतिक र पतित प्रमाणित गर्न पाउँदैन । त्यस्तो अव्यावहारिक कानुन तत्काल खारेज गरिनुपर्ने सुझाव कानुनविद् तथा चिकित्सकहरूको रहेको छ ।

**अन्नपूर्ण क्षेत्रका महिलाहरूको उदाहरणीय जीवनशैली**
– युवराज गौतम

घान्द्रुक गाउँकी हरिमाया गुरुङलाई एकैछिन फुर्सद छैन । उनी सो क्षेत्रका एक्काइसवटा आमा समूह मिलेर बनेको मूल समितिकी अध्यक्ष हुन् । भात पकाउने, लुगा धुने, घर सफा गर्ने, घरको अतिथि बनेर आएका पर्यटक पाहुनाहरूलाई खाना खुवाउने, कोदोलगायतका बालीनाली थन्क्याउनेदेखि लिएर गाउँको बाटो मर्मत-संभार गर्ने, पानीघट्ट बनाउने, नाचगान गरेर पर्यटकहरूबाट चन्दा उठाउने आदि यावत् काममा हरिमाया दिदी व्यस्त रहन्छिन् । बिहान चार-पाँच बजेतिरै उठेर राती १० बजेसम्म उनलाई एकैछिन फुर्सद हुँदैन तर यो व्यस्तता हरिमायाजस्ता सयकडौं महिलाहरूका लागि बरदानसावित भएको छ । २-४ हजार रुपैयाँका लागि उनीहरूले कसैको मुख ताक्नुपर्दैन । अन्नपूर्ण क्षेत्रमा पर्ने घान्द्रुक, छोमरोङ, प्लान्द्रुक, लुम्लेलगायतका पहाडी गाउँका अधिकांश महिलाहरूको जीवनशैली कास्कीका पहाडी गाउँहरूमा मात्र होइन, टाडाटाडासम्म उदाहरणीय बनेको छ ।

घान्द्रुककी समाजसेवी महिला जगन गुरुङ भन्छिन्– करिब चौध वर्षअघि यस क्षेत्रमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले काम सुरु गरेपछि चेतनाको लहर आयो । एक्याप भनिने सो आयोजना आउनुअघि यस क्षेत्रका अधिकांश महिला निरक्षर थिए । एक्यापले व्यस्त महिलाका छोराछोरीको स्याहारका लागि शिशु स्याहार केन्द्र खोलिदिएपछि महिलाहरूले प्रौढकक्षा पढ्न र उत्पादनशील कामहरू गर्न थाले । यस क्षेत्रमा फस्टाएको पर्यटन उद्योगमा महिलाहरूको सक्रियता र सहभागिता उल्लेखनीय छ ।

"घान्द्रुकलगायत अन्नपूर्ण क्षेत्रका महिलाहरूमा आएको परिवर्तन देखेर सुरुसुरुमा केही पुरुषहरूले पोथी बास्न थाल्यो भनेर व्यङ्ग्य पनि गरे । तर महिलाहरूले गरेका रचनात्मक कामहरू देखेर उनीहरूले पनि बिस्तारै मद्दत गर्न थाले । लैंगिक समानताका दृष्टिले पनि यो क्षेत्र उदाहरणीय बनेको छ ।" जगन गुरुङ बताउँछिन् ।

कोमरोडकी ५५ वर्षीया लीलाकुमारी गुरुङ भन्छिन्– "शहर-बजारमा बस्नेहरूलाई यो सुन्दा अचम्म लाग्ला, हामी गाउँले महिलाहरूले भैलो खेलेर जम्मा गरेको पैसाबाट गाउँमा बिजुली बालेका छौं । विदेश गएर कमाउने छोराहरूले, गाउँमा आउने गोराहरूले र इच्छाले चन्दा दिनेहरूबाट उठेको पैसाले कोमरोडका १५ घरमा बिजुली बलेको छ । मृदीखोलाबाट पेल्ट्रिक सेटका सहायताले निकालेको सो बिजुलीले गाउँ झिलीमिली भएको छ तर सेट बिग्रिंदा मर्मत गर्न बुटवल पु¥याउनुपर्छ ।" लीलाकुमारी भन्छिन्– "उहिले-उहिले गाउँमा छोरी पढाउने चलन थिएन, पढिएन । अचेल गाउँकी बत्तीकुमारी गुरुङले हामीलाई प्रौढ कक्षामा पढाउँछिन् । त्यहाँ आमा समूहका पन्ध्र-सोह्रजना आमाहरू पढ्छन् । दलित जातिका महिलाहरूमा पनि पढ्ने चेतना आएको छ । यो त साह्रै राम्रो कुरा हो ।"

छोमरोङका पर्यटन व्यवसायी भुवनेश्वर गुरुङ अन्नपूर्ण क्षेत्रमा महिलाहरूको सक्रियता उल्लेखनीय रहेको बताउँछन् । प्रत्येक वर्ष सत्तरी हजारजति विदेशी पर्यटकहरू आउने यस क्षेत्रमा महिलाहरूले हरेक क्षेत्रमा सक्रियतापूर्वक काम गरेको कुरा बताउँदै गुरुङ भन्छन्, "यस क्षेत्रका महिलाहरूलाई फुर्सद पनि छैन र खासै दुःख पनि छैन ।"

सात हजार छ सय उनन्तीस वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ५६ वटा गाविसलाई समेटेको छ । एक लाख १२ हजार जनताले आयोजनाबाट प्रत्यक्ष र परोक्ष रूपले फाइदा उठाएका छन् । ५० हजारभन्दा बढी महिला रहेको अन्नपूर्ण क्षेत्रमा पर्यटन, कुटिर उद्योग, कृषि, पशुपालनलगायतका उद्योग व्यवसायहरूमा महिलाहरूको जुन भूमिका र निर्णायक महत्व छ, त्यो देख्दा विदेशीहरू पनि प्रशन्न हुने गर्छन् । अमेरिकाबाट वातावरण विज्ञानमा उच्च शिक्षा हासिल गरिरहेकी अमेरिकी छात्रा क्यारोलिन रोय भन्छिन्– वातावरण संरक्षण र पर्यटनलगायतका हरेक क्षेत्रमा अन्नपूर्ण क्षेत्रमा एक्यापको मद्दतबाट महिलाहरूले जे-जति काम गरिरहेका छन्, त्यो साँच्चै नै उदाहरणीय छ ।

अन्नपूर्ण हिमाल र माछापुच्छ्रेजस्ता अत्यन्त रमणीय हिमशिखरहरूको अनुपम सौन्दर्य हेर्न पाइने घान्द्रुकमा दुई दर्जनजति होटलहरू छन् । पर्यटकहरू नठगिऊन् भनेर होटल व्यवसायीहरूले खाना र सुत्ने कोठाको निश्चित दर तोकेका छन् । ग्रामीण पर्यटनको उत्कृष्ट नमूना बनेको सो गाउँमा जाँडरक्सी खाएर होहल्ला गर्नेहरू कमै हुन्छन् । कसैले सामाजिक मर्यादा उल्लंघन गरेमा आमा समूहले दण्डित गर्छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको घान्द्रुकस्थित कार्यालयका प्रमुख यामबहादुर गुरुङ भन्छन्– कुनै पनि विषयमा गाउँलेहरूलाई हामी हस्तक्षेप गर्दैनौं । विकास र वातावरणबीच कसरी समन्वय गर्ने भनेर हामीले पटकपटक गाउँलेहरूलाई सचेत र सतर्क गराएका छौं । त्यसैले गाउँमा कसैले पूर्वस्वीकृतिबेगर रुख काट्दैनन् । होटलहरूले पोखराबाट खच्चरमा बोकाएर ल्याएको ग्याँस र मट्टीतेल प्रयोग गर्छन् । मौलिकता, सांस्कृतिक, वातावरण र स्वाभिमान बचाएर पनि गाउँको रूपान्तरण गर्न सकिन्छ भन्ने कुराको उदाहरण यस क्षेत्रमा देख्न पाइन्छ । हरिमाया गुरुङ, जगन गुरुङ, लीलाकुमारी गुरुङलगायतका यस क्षेत्रका सक्रिय महिलाहरू महिलाहरूका नाममा खुलेका अधिकांश गैरसरकारी संस्थाहरूले शहरमा मात्र गोष्ठी र सेमिनार गर्नुबाहेक अरू केही गर्न नसकेको गुनासो व्यक्त गर्छन् ।

घान्द्रुकका सत्तरी वर्षीय मीनबहादुर गुरुङ अन्नपूर्ण क्षेत्रमा केही वर्षयता देखिएको परिवर्तनप्रति अत्यन्त सन्तुष्ट देखिन्छन् । उनको कथन छ– "पढ्नुपर्छ र आफ्नो गाउँ आफैं बनाउनुपर्छ भन्ने जुन चेतना आएको छ । यसमा छोरी-बुहारीहरू पनि धेरै अग्रसर भएका छन् । उहिलेभन्दा अहिलेका मान्छे धेरै समझदारी भइसके ।"

"गाउँको पर्यटन उद्योगमा हातेमालो गर्न पाउरोटी उद्योग, पानी फिल्टर गर्ने मेसिन, स-साना घरेलु उद्योगहरू खोल्न पाए हुन्थ्यो तर बिजुलीको पावर कम छ । त्यसैले घान्द्रुकमा ५० किलोवाट क्षमताको विद्युत्को उत्पादन बढाउनुपर्छ ।" मूल आमा समूहकी अध्यक्ष हरिमाया गुरुङ भन्छिन् । आमाहरूबाट पाँच-पाँच रुपैयाँ चन्दा उठाएर सुरु गरिएको कोषमा अहिले आठ लाखजति रुपैयाँ जम्मा भएकोमा घान्द्रुकका आमाहरू प्रशन्न छन् ।

"वातावरण संरक्षण, शिक्षादीक्षा, रोजगार प्रवर्द्धन, स्थानीय विकास, पर्यटन उद्योग र लैंगिक समानताका निम्ति उदाहरणीय बनेको अन्नपूर्ण क्षेत्रमा जुन परिवर्तन आएको छ त्यसमा एक्यापले खेलेको भूमिका हामी बिर्सन सक्दैनौं ।" पूर्वशिक्षक तथा समाजसेवी शंकरमान गुरुङ भन्छन् । उनको कथन छ, "राजनीतिका खबर मात्रै प्रचारप्रसार गर्ने सञ्चारमाध्यमहरू एवं शहरमा मात्र केन्द्रित गैरसरकारी संस्थाहरूले पनि हाम्रो गतिविधिहरू पनि हेरिदिए स्थानीय जनतालाई झन् हौसला मिल्ने थियो ।"

**उमाले 'मर्द' को 'नामर्दी' लाई जोगाइन्**
– लेखनाथ भण्डारी

'मर्दको नामर्दीलाई महिलाले पनि जोगाइदिएका छन् ।' चितवन जिल्ला गीतानगर गाविसस्थित महिला आय आर्जन समूहमा आबद्ध उमा पोखरेलको बोल्ने पालो आएपछि उनीसँग बसेकी एक महिलाले प्वाक्कै त्यसो भनेर रोकिइन् । अर्की महिलाले त्यसैमा थप्दै भनिन्- 'उमाको घटनाले त धेरै महिलालाई प्रेरणा मिलेको छ । तर त्यस्तो दुःखत कसैलाई पनि नपरोस् है ।'

चितवन जिल्ला गीतानगरका महिलाहरूले महिला समूह गठन गरेर गरेको कार्य प्रशंसनीय र उल्लेखनीय रहेका छन् । हेल्पर भन्ने गैरसरकारी संस्थाको सहयोगमा गठन गरिएका त्यस्ता समूहहरूलाई दातृ संस्थाले त्यस्तो कुनै महत्वपूर्ण सहयोग गरेको छैन । तर सो संस्थाको समन्वय र प्रेरणाबाट स्थानीय महिलाले गरेको प्रगति भने सबैका लागि थप प्रेरणाको स्रोत बनेको छ । त्यस्ता महिला समूह गठनको सुरुमा सहयोगी संस्थाले महिलाहरूलाई संगठित गर्न सहजकर्ताका रूपमा र प्रथम समूहका २५ सदस्यका लागि १-१ वटा बाखाका

पाठा उपलब्ध गराइदिएको थियो । त्यसरी उपहारस्वरूप प्राप्त बाखाको पाठाबाट उत्पादित अर्को १ पाठा ती सदस्यहरूले आफ्नोभन्दा पछाडि गठित अर्को समूहको सदस्यहरूलाई पनि त्यसरी नै उपहारस्वरूप प्रदान गर्नुपर्ने नियम चलाइएको थियो ।

बाखाका पाठा आदान-प्रदानका साथै महिलाहरूले समूहबाट बचत संकलन, सदस्यशुल्क र ऋण प्रवाह गर्नुका अतिरिक्त आफूलाई समाजमा सम्मानित नागरिकका रूपमा स्थापित गर्ने अवसर पाएका छन् । उमा पनि त्यस्तै एक महिला समूहको सदस्य हुन् ।

वि.सं. २०४८ देखि त्यस्ता महिला समूहहरू गठन गर्दै आउने क्रममा अहिलेसम्ममा १९ वटा समूह गठन भएका छन् । त्यसरी गठित समूहमध्ये अहिले पनि १३ वटा समूहका ३ सय २५ जना महिलाहरू सक्रिय रूपमा संलग्न रहेका छन् । यहाँ गठित महिला समूहकी सदस्य सीता पौडेलले त केही वर्ष पहिले अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट समूह सदस्य तथा अन्य दुई महिलाहरू पार्वती भट्टराई र ज्ञानधारी बसेलले पनि राष्ट्रियस्तरको उत्कृष्ट सदस्यका रूपमा पुरस्कार पनि प्राप्त गरिसकेका छन् ।

त्यसरी गठित समूहबाट हालसम्म सबैभन्दा ठूलो परिमाणमा ऋण लिएकी उमा पोखरेलले आफ्नो ऋण चुक्ता गर्न पनि कुनै ढिलाइ गरेकी छैनन् । साँच्चै साहस र धैर्यताको उदाहरणका रूपमा उभिएकी ४३ वर्षीया उमाले त्यसरी लिएको रु. १ लाख २५ हजारभन्दा बढी ऋणमध्ये अब तिर्न बाँकी रु. ३ हजार मात्र रहेको उनी बताउँछिन् ।

नखानु नबिराउनु त भन्छन् तर नखाँदा र नबिराउँदा पनि उमालाई अर्काले खाएको विषले नछोड्ने गरी समातेर कानुनको दण्डाले सताउन थाल्यो । अचानक उमाको घरघडेरी नै लिलाम हुने स्थिति आइलाग्यो । उमाको जीवनमा यो एउटा ठूलै संकट आइपरेको उनले ठानिन् । साँझबिहान दुःखले जीवन गुजारिरहेकी उमालाई एक्कासि रु. १ लाखभन्दा बढीको ऋणभार आइलाग्यो । जुन ऋणभार चुक्ता नगरे उनको घरबास उठिबास हुने निश्चित थियो ।

उमा आफ्नो जीवनमा अप्रत्याशित रूपले आइपरेको दुःखपीडाले भरिएको जीवनकथा सुनाउन त्यति उत्सुक त थिइनन् । तर उनलाई उनका अन्य सबै सहयोगीहरूले एकै स्वरमा उत्साहित गर्दै भने, ‘उमा ! नराम्रो नै आइपरेपछि हामीलाई पनि त भनेको भए तिम्रो आज यो हविगत त हुने थिएन नी ?’ त्यसपछि उमाले आफ्नो दुःखका दिनको कथा सुरु गरिन् ।

पहिलेदेखि नै मेरो श्रीमान्‌का हामी दुई श्रीमती थियौं । हामी दुवै (सौता-सौता) मिलेर नै बसेका थियौं । तर श्रीमान् पुनः तेस्रो विवाह गरेर पोखरामा बस्न थाल्नुभयो । त्यहाँ बस्ने क्रममा उहाँले व्यापार गर्न साहुबाट ऋण पनि लिनुभएछ । व्यापार राम्रो नचलेपछि ऋण तिर्न नसकेर व्यापार पनि छोडेर हिँड्नुभएछ । आफ्नो जायजेथा पनि सबै गुमाइसकेपछि साहुले खोज्न थालेछ । त्यहाँको साहुले आफ्नो ऋण चुक्ता गर्न घरपरिवार खोज्ने क्रममा यहाँ (चितवन, गीतानगर) पनि आइपुग्यो । त्यही साहुले हामीले भोगचलन गर्दै गरेको जायजेथाबाट आफ्नो ऋण असुल गरिपाऊँ भनी अदालतमा मुद्दा हाल्यो । अदालतले हाम्रो नाममा रहेको सम्पत्ति जफत गर्न सकिने हदम्यादको सूचना टाँस गऱ्यो । हामी बस्दै आएको घर, जमिन पनि श्रीमान्‌कै नाममा थियो । त्यसबेलासम्ममा त कास्की जिल्ला अदालतले उहाँको जायजेथाबाट ऋण असुल्न आदेश दिइसकेको रहेछ ।

उमाको जीवनमा आइपरेको त्यस प्रकारको समस्यालाई उनले महिला समूहमा पुऱ्याइन् । उनीसँगै उनकी श्रीमान्‌की अर्की श्रीमती चन्द्रकलालाई पनि त्यही समस्या थोपरियो । उनीहरू दुवैले रु. ४८-४८ हजार तिर्न नसके घरबारी लिलाम भएर जाने भयो । उनीहरूको घरबार उठिबास हुने निश्चित भइसकेको थियो ।

समूहबाट ऋण लिइसकेपछि उनले समूहका अन्य सदस्यहरूबाट पनि नपुग केही थप सहयोग लिइन् । उनले साहुलाई श्रीमान्‌को नाममा तिर्नुपर्ने ऋण रु. ९६ हजार चन्द्रकलासँग मिलेर तिरिदिइन् । समूहको ऋण तिर्न उनले घरखेती र बाखापालनबाट राम्रो सहयोग पाइन् । कक्षा ८ सम्म पढेकी उमा स्थानीय परिवार नियोजन संघ स्वयंसेविका पनि थिइन् । उनले ६ महिनासम्म सिलाइबुनाइ तालिम लिएर सिलाइबुनाइ काम गर्न पनि थालिन् । अन्ततः उनी आफ्नो बिरामी खर्च, एक छोरीलाई क्याम्पसमा पढाउने खर्च र घरखर्च चलाउनेदेखि लिएर समूहको ऋण तिर्न पनि सफल हुँदै गइन् । उमा भन्छिन्- ‘विगत ९ वर्षदेखि म मुटुको कडा बिमारले पनि पीडित छु ।’

हाल उमाका श्रीमान् पोखरा बस्न छोडिसकेका छन् । त्यसो त उमाका श्रीमान्‌का ४ वटी श्रीमतीहरूमध्ये एउटीले अर्को विवाह गरी अन्यत्रै हिँडिसकेकी छन् भने अर्कीले छुट्टै अंश लिएर छुट्टै बसेकी छन् । अहिले उमाका श्रीमान् चन्द्रकलासँगै बस्दैछन् । यसरी उमाले आफ्ना श्रीमान् र आफ्नो ९ कट्ठा जमिनसहितको घरघडेरी पनि बचाउन सफल भइन् । उमा भन्छिन्, ‘समूहमा मैले उठबस गर्न नथालेको भए यो ७-८ वर्षभित्र मेरो बेहाल भइसक्ने थियो । जेहोस् उमाले आशंका गरेको अप्रिय स्थिति हुन महिला समूहले दिएन ।

पुरुषप्रधान समाजमा घरबाहिर निस्कन र कुनै पनि चुनौतीको सामना गर्नुअगावै हरेस खाने महिलाहरूलाई समूहमा संगठित भएपछि हौसला र आँट थपिदियो । सानो बचत र समूहको सहयोगले महिलाहरूलाई समस्यासँग जुध्न प्रेरणा थप्यो । आर्थिक हैसियत सबल हुनसक्दा पुरुषले मात्र घरपरिवार सम्हाल्छन्, महिलाले सक्तैनन् भन्ने मानसिकतामा रहेको हाम्रो समाजमा गीतानगरका महिला समूहका धेरै महिलाहरू र त्यसमा पनि उमाले त मर्दका नाममा श्रीमतीका गरगहना र घरघडेरी नै उड्ने गरी ऋणमा डुबेका पुरुषलाई पनि साहरा दिन सक्छन् भन्ने उदाहरण बनेर देखाएकी छिन् ।

**सीप सिकेर स्वावलम्बी बनेका उद्यमी महिलाहरू**
– लवदेव ढुंगाना

तीन वर्षअघि भारपा-८, पाँचथरकी ममता राईले सिलाइकटाइको काम आफ्नै घरगाउँमा सुरु गर्दा गाउँलेहरूको कम्ती खप्की खानु परेन। सिलाइकटाइको काम त दमाई जातिले मात्र गर्दछन् र गर्नुपर्छ भन्ने परम्परागत अवधारणा बोकेका गाउँलेहरूले उनको घरमा पानीसमेत नखाने धम्की दिंदा पनि उनी निकै निराश भएकी थिइन्। कमजोर आर्थिक अवस्थाको चिन्ताले पिरोलिएकी ममताले घरेलु तथा साना उद्योग विकास समिति, पाँचथरबाट सिलाइकटाइ तालिम थिइन्।

तालिम लिएर उनले गाउँमै ममता सिलाइकटाइ केन्द्र खोलिन्। घरेलु कार्यालयबाट पाँच हजार ऋण सहयोग लिएर सुरु गरेको उक्त व्यवसायबाट हाल ममताले पाँच हजारभन्दा बढी मासिक आम्दानी गर्ने गरेकी छिन्। त्यसभन्दा पनि महत्वपूर्ण कुरो त अहिले समाजले उनीजस्ता महिलाप्रति हेर्ने दृष्टिकोणमा नै परिवर्तन भएको छ। उनी भन्छिन्– पहिले यो पेशालाई घृणाको दृष्टिले हेर्ने समाजका मानिसहरू अहिले उक्त व्यवसायबाट प्राप्त प्रगति देखेर आफ्ना छोरीचेलीलाई पनि सीप सिकाएर यसमा संलग्न गराउन चाहन्छन्।

आफू ६ वर्षको हुँदा बाबुले कान्छी आमा ल्याएर अन्यत्रै गएकोले सामान्य लेखपढ मात्र गर्न सकेकी ममताको विगत कम कहालीलाग्दो छैन। १४ वर्षको बालउमेरमै बालविवाह गर्न बाध्य बनेकी उनले १८ वर्षको उमेरमा पतिको मृत्युले पतिवियोग व्यहोर्नुपरेपछि त्यसपछिको जिन्दगी कष्टकर रूपले बिताउनुपरेको थियो। पाँच वर्षअघि झापामा आफ्नी काकीले सिलाइकटाइ गरेको देखेर त्यसलाई प्रेरणाको रूपमा लिएकी ममता अहिले सफल उद्यमी मात्र होइनन्, एक सफल प्रशिक्षक पनि भएकी छिन्। उनले घरेलु विकास समितिमार्फत सिलाइकटाइसम्बन्धी विभिन्न तालिममा प्रशिक्षकको रूपमा काम गर्दै आएकी छिन्।

त्यसैगरी श्रीमान्ले उदयपुरको गाईघाटमा पुऱ्याएर अलपत्र अवस्थामा छाडिएकी चोकमागु १ कि सिता अर्यालले ढाका उद्योग सञ्चालन गरेकी कारुणिक विगत सम्हालेकी सीताले आफ्नै व्यक्तिगत प्रयासबाट सुरु गरेको उक्त पेशाबाट हाल उनी दैनिक २ सय रुपैयाँभन्दा बढी कमाउँछिन्। अहिले समाजमा उनको आफ्नै अस्तित्व छ। सीता अर्यालले २०५० सालमा तान राखेर उक्त व्यवसाय सुरु गर्नुअघि उनलाई दुईछाक खान पनि कठिन थियो। तर तान बुनेर गरेको आम्दानीबाट उनले फिदिम बजारमा भएको आफ्नो ४ आना जमिन अदालतले लिलाम बिक्री गर्न लागेको अवस्थामा ३८ हजार रुपैयाँ तिरेर उकासिन् भने अहिले आफ्ना दुई छोराछोरीको लालनपालनमा कुनै समस्याबिना नै विद्यालय शिक्षा दिएर बचतसमेत गर्ने गरेकी छिन्।

पहिले मागेर खाने स्थितिमा पुगेका सीताजस्ता धेरै महिलाहरूको जिन्दगीलाई सीपमूलक व्यवसायले आमूल परितर्वन गरिदिएको छ। यस्ता व्यवसायमा संलग्न महिलाहरूले दुःख पाएका अन्य महिलाहरूलाई पनि त्यसतर्फ लागेर आफ्नै खुट्टामा उभिन प्रेरित गर्ने गरेको बताउँछन्।

गाउँका असहाय महिलाहरू आफूलाई सम्झिएर सहयोग माग्ने आउँदा सक्दो सहयोग गरेर सीपमूलक व्यवसायमा लाग्ने सल्लाह दिन्छु- सीता अर्याल बताउँछिन्। उनले आफूले गाउँका महिलाहरूलाई ढाका व्यवसायको सीपसमेत सिकाउने गरेको बताइन्। तर भारपाकी ममता राई भने महिलाहरू आफैं नै काम गर्न पछाडि हट्ने गरेको अनुभव सुनाउँछिन्।

बि. स. २०४२ सालमा विवाह गरेपश्चात् आफ्नो लोग्ने जुवातास खेल्ने र दिनदिनै झगडा गर्ने कारणबाट प्रताडित बन्न पुगेकी सीता अर्याल गाउँघरमा सानातिना घरेलु बुनाइ गर्ने भए तापनि लोग्नेले छोड्दा एकपैसा साथमा नहुँदा केही दिन भोकभोकै भौंतारिएकी थिइन्। काम गरेरै सीप सिके सीताले अहिलेसम्म कुनै पनि तालिम लिएकी छैनन्। यद्यपि, आफ्नो व्यक्तिगत प्रयास र लगनले अहिले उनी एक अग्रणी उद्यमी महिला बन्न पुगेकी हुन्।

अहिले पाँचथर जिल्लाका महिलाहरूले घरेलु उद्योगबाट तालिम लिई सीपमूलक व्यवसाय सञ्चालन गरेर घरपरिवारबाट अपहेलित, लोग्नेबाट परित्यक्त, पीडित र असहाय महिलाहरूलाई यस्ता व्यवसायमा संलग्न भएर महिलाहरूको आर्थिक स्थिति तथा सामाजिक हैसियत माथि उकास्न सकिन्छ भन्ने उदाहरण देखाएका छन्।

त्यसैगरी सोहीगाउँकै बिमला तुम्बापोले तीन वर्षअघि आफ्नो श्रीमान्ले दोस्रो विवाह सेलिङ्ग ढाका उद्योगमा काम गरी जीविकोपार्जन गर्न थालेकी हुन्। एकजना बच्चाकी आमा विमलाले अहिले आफ्नो खर्च कटाएर दुई हजारभन्दा बढी रुपैयाँ प्रतिमहिना आम्दानी गर्दछिन्।

कृषि विकास बैंकबाट ५० हजार रुपैयाँ ऋण लिएर नारी जागरण संघले नागी-१ मा केही वर्षयता व्यावसायिक ढाका उद्योग सञ्चालन गरेको छ। विपन्न महिलालाई सीप प्रदान गरी आयमूलक कार्यमा संलग्न गराउने उद्देश्यले स्थापित उक्त संस्थाले प्रत्येक वर्ष ४०/५० जना महिलालाई वर्षेनी तालिम दिने कुरा अध्यक्ष जानुका अधिकारीले जानकारी दिएकी छिन्।

फिदिम-४ को सैलिङ्ग ढाका उद्योगमा पनि अहिले सीता, ममता र विमलाले झैं दर्दनाक इतिहास सम्हालेका २५ जना महिलाहरूले रोजगारी प्राप्त गरेका छन्। लामो समय अगाडिदेखि ढाका बुनाइको सुरुवात गरेकी सीता सेलिङले पाँचथरमा उद्योग सञ्चालन गरी ५० जना महिलालाई सीप हस्तान्तरण गरिसकेको छ। ढाका उद्योगसम्बन्धी देशी-विदेशी तालिम प्राप्त सेलिङ्ग अहिले लाखौंका कारोबार गर्ने उद्योगको सञ्चालन भइरहेको छ।

जिल्ला विकास समिति पाँचथरकी सदस्य आशारत्न जवेगु सीप विकास तालिमले महिलाहरूको आर्थिक विकासमा ठूलो परिवर्तन ल्याउन सक्ने धारणा राख्नुहुन्छ । जिविस सदस्य जवेगु महिलाहरूलाई सीप विकास तालिमका साथसाथै नेतृत्व विकास र सशक्तीकरण पनि गराएमा महिलाहरू सामाजिक, आर्थिक र राजनीतिक रूपले आत्मनिर्भर भई ग्रामीण क्षेत्रमा समेत सशक्त सहभागिता हुन सक्ने बताउनुहुन्छ ।

घरेलु तथा साना उद्योग विकास समिति पाँचथरले वर्षेनी महिलाका लागि विभिन्न स्थानमा सिलाइकटाइ, ढाका बुनाइ, ढाका कपडा बुनाइ, झोला बुनाइ, हाते होजियारीलगायतका सीपमूलक तालिमहरू दिने गरेको छ । त्यस्ता तालिममा असहाय र विपन्न महिलालाई प्राथमिकता दिने गरिएकाले धेरै महिलाहरू सीपमूलक व्यवसायमा प्रत्यक्ष संलग्न भई लाभ उठाएका छन्- उद्योग अधिकृत जीवनाथ दाहालले भन्नुभयो ।